# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्रसौनी, बारा
प्रदेश नं. २, नेपाल

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
२ नं. प्रदेश, नेपाल
२०७३

## सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना
**(प्रथम पटक सूचना प्रकाशित भएको मिति :२०७८/०३/०३)**

यस प्रसौनी गाउँपालिकामा चालु आ.व. ०७७/०७८ मा तपसिलमा उल्लेखित सामग्रीहरु सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही रित पूर्वकको नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनी/व्यवसायीहरुबाट सिलबन्दी दरभाउ पत्र खरिद गर्न यो सूचना आव्हान गरिन्छ ।

तपसिल

१. योग्य फर्म/कम्पनी/व्यवसायीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी फारम पत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ : प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी ,बारा, मो. ९८४५४९५२४६

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाण पत्र, आ.व.०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपसिलमा उल्लेखित दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

३. फर्मले सिलबन्दी दर रेट पेश गर्दा खाम बाहिर आफ्नो फर्मको नाम थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलबन्दी गरी यस कार्यालयमा मिति २०७८/०३/१८ गते दिउँसो १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ ।

४. तोकिएको समय भित्र दर्ता भएका सिलबन्दी दरभाउ पत्रहरु उपस्थित हुन चाहेका प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा मिति २०७८/०३/१८ गते दिनको २:०० बजे खोलिनेछ । प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन । कारणवश सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

५. सिलबन्दी दरभाउ पत्र खोलिएको दिनदेखि गणना हुने गरी ४५ दिन सम्मको लागि मान्य हुनेछ । सिलबदी दरभाउ पत्रको साथ जमानत वापतको धरौटी रकम हिमालयन बैंक लि. प्रसौनी बारा स्थित यस कार्यालयको नाममा रहेको "ग-३ धरौटी खाता प्रसौनी" को खाता न.०५३०७६८२९४००१३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिन सम्म मान्य भएको निशर्त जमानी पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

६. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नीहित रहनेछ ।

७. यस सूचनामा उल्लेख नभएका अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

८. सिलबन्दी दरभाउ पत्रको कामको विवरण निम्नानुसार छ :-

| ठेक्का नं. | कामको विवरण | अनुमानित लागत मुल्य (मु.अ.कर सहित) | धरौटी रकम रु. | फारम दस्तुर (फिर्ता नहुने गरी) रु. |
|---|---|---|---|---|
| PRM-SQ/20/077/08 | सि.सि. क्यामेरा जडान तथा मर्मत कार्य (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेशिफिकेशन बमोजिम) | 19,99,840/- | 60,000/- | 1,000/- |

श्री सूचना प्रविधि अधिकृतज्यू :- आजै मिति २०७८/०३/०३ गते नै गाउँपालिकाको website मा अपलोड गर्नु हुन ।

२०७८/०३/०३

२०७८/०३/०३

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner